आज मिती २०८२ असार २० गते शुक्रबारका दिन यस नगरपालिकाका नगर प्रमुख श्री पदम बहादुर बोहरा ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितीमा नगर कार्यपालिका आर्थिक वर्ष २०८१/८२ को सोह्रौ बैठक बसी देहाय बमोजिमका निर्णयहरू गरीयो ।

## उपस्थिती

| सि.नं | नामथर | पद/दर्जा | कार्यालय/ठेगाना | मोबाईल नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | श्री पदम बहादुर बोहरा | नगर प्रमुख | मंगलसेन न.पा. | ९८६८५२३०५३ | |
| २ | श्री संगिता कुमारी रावल | नगर उपप्रमुख | मंगलसेन न.पा. | ९८६८५४१९०७ | |
| ३ | श्री लोकराज नाथ | वडा अध्यक्ष | मंगलसेन न.पा. १ | ९८५८४८२१०१ | |
| ४ | श्री देवेन्द्र ब. बोगटी | वडा अध्यक्ष | मंगलसेन न.पा. २ | ९८५८४८२१०२ | |
| ५ | श्री बिर्ख बहादुर बोगटी | वडा अध्यक्ष | मंगलसेन न.पा. ३ | ९८४८५२६७१० | |
| ६ | श्री नाम सिंह धामी | वडा अध्यक्ष | मंगलसेन न.पा. ४ | ९८४८६१५३८२ | |
| ७ | श्री झंकर प्रसाद भाट | वडा अध्यक्ष | मंगलसेन न.पा. ५ | ९८६८४१५६२४ | |
| ८ | श्री देवेन्द्र प्रसाद भण्डारी | वडा अध्यक्ष | मंगलसेन न.पा. ६ | ९८५८४८२१०६ | |
| ९ | श्री राज बहादुर शाही | वडा अध्यक्ष | मंगलसेन न.पा. ७ | ९८५८४८२१०७ | |
| १० | श्री ज्ञानेन्द्र ब. बोहरा | वडा अध्यक्ष | मंगलसेन न.पा. ८ | ९८६१५३९८४७ | |
| ११ | श्री पदम ब. बोहरा | वडा अध्यक्ष | मंगलसेन न.पा. ९ | ९८५८४८२१०९ | |
| १२ | श्री जनक ब. कुंवर | वडा अध्यक्ष | मंगलसेन न.पा. १० | ९८५८४८२११० | |
| १३ | श्री नर बहादुर भण्डारी | वडा अध्यक्ष | मंगलसेन न.पा. ११ | ९८६८४४८४४८ | |
| १४ | श्री खगेन्द्र ब. रावल | वडा अध्यक्ष | मंगलसेन न.पा. १२ | ९८५८४८२११२ | |
| १५ | श्री हिक्मत ब. बोगटी | वडा अध्यक्ष | मंगलसेन न.पा. १३ | ९८४८४२९५२५ | |
| १६ | श्री शिव बहादुर सोडारी | वडा अध्यक्ष | मंगलसेन न.पा. १४ | ९८५८४८२११४ | |
| १७ | श्री रेखा रावल | का.पा.स. | म.न.पा. ९ | ९८६४३१६५६४ | |
| १८ | श्री कौशिला ठकुल्ला | सदस्य | म.न.पा. ५ | ९८४८०८३५६९ | |
| १९ | श्री हंश थापा | सदस्य | म.न.पा. १ | ९८४४१६६२१५ | |
| २० | श्री भाना विष्ट | सदस्य | म.न.पा. ३ | ९८४६६९५७०४ | |
| २१ | श्री मनसरा थ्याइत | सदस्य | म.न.पा. ७ | ९७४६५३२८५२ | |
| २२ | श्री प्रेम भुल | सदस्य | म.न.पा. ४ | ९८४८५५००१५ | |
| २३ | श्री मुगा परियार | सदस्य | म.न.पा. १२ | ९८४७५४३३२८ | |
| २४ | श्री गोविन्द वि.क. | सदस्य | म.न.पा. ११ | ९७४२३७८८७५ | |
| २५ | श्री गेहेन्द्र बहादुर डांगी | प्र.प्र.अ./सचिव | म.न.पा. | ९८५८४२९१११ | |

२०८२।०३।२०

निर्णय नं. १

मंगलसेन नगरपालिका वडा नं ५ स्थित मङ्गलसेन खेलमैदान पुर्वाधार निर्माण गर्नको लागि दोश्रो पटक मितिः २०८१/१२/०८ मा १५ दिनको समय राखी आव्हान गरिएको बोलपत्रमा बोलपत्रदाताहरु बिच पूर्ण प्रतिस्पर्धा भएको अवस्था नदेखिएको लगायतका आधार कारणबाट मिति २०८१/१२/३१ गतेको बैठकबाट उक्त बोलपत्र रद्ध गर्ने निर्णय भएको र सो निर्णय बमोजिम २०८२/०१/२ गते प्रकाशित भएको पुनः बोलपत्र आव्हानको सूचना विरुद्ध उच्च अदालत दिपायलमा परेको रिट निवेदन (मुद्दा नं. ०८१-WO-००३१) मा सम्मानित उच्च अदालत दिपायलबाट मिति २०८२/०३/०३ मा फैसला भई मिति २०८२/०३/०६ मा प्रमाणिकरण भएको फैसला अनुसार नगरकार्यपालिकाको मिति २०८१/१२/३१ मा भएको निर्णय र सो बमोजिम मिति २०८२/०१/०२ मा पुन बोलपत्र आव्हान भई प्रकाशित सुचना उत्प्रेषणको आदेशले बदर भएको हुंदा अदालतको आदेशको पूर्ण पालना गर्दै कार्यपालिकाबाट भएका उक्त निर्णय रद्द गर्ने र सुचना कार्यान्वयन नगर्ने साथै, उक्त आयोजना समयावधिका कारण चालु आ.व. मा कार्यन्वयन सम्भव नभएको एंव नगरपालिकाको नगरकोष बाट मात्रै उक्त ठेक्काको कार्य गराउन नसकिने भएकोले हाल तत्काल सम्झौता गर्न नसकिने विषयमा छलफल भई आगामी आ.व. २०८२/८३ मा रकम निकासा भई आएमा सोहि बखत थप कारवाही निर्णय हुने गरी हाल प्रकाशित सुचना बमोजिम कार्य नगर्ने निर्णय गरियो ।

त्यसैगरी, नगरकार्यपालिकाको कार्यालयले आर्थिक वर्ष २०८१/०८२ मा नेपाल सरकार स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम र नगरपालिकाको लागत साझेदारीमा कार्यान्वयन हुने गरी आधारभुत स्वास्थ सेवा केन्द्र• भवन निर्माण म.न.पा. १० अछामको (ठेक्का नं MM/ACH/NCB/W-08/2081/82) निर्माण कार्य गर्नको लागी यस मंगलसेन नगर पालिका मितिः २०८१/१२/०८ आव्हान गरिएको बोलपत्रमा बोलपत्रदाताहरु बिच पूर्ण प्रतिस्पर्धा भएको अवस्था नदेखिएको लगायतका आधार कारणबाट मिति २०८१/०१/१४ गते कार्यपालिकाको बैठकबाट उक्त बोलपत्र रद्ध गर्ने निर्णय भएको र सो निर्णय बमोजिम २०८२/०१/१५ गते प्रकाशित भएको पुनः बोलपत्र आव्हानको सूचना विरुद्ध उच्च अदालत दिपायलमा परेको रिट निवेदन (मुद्दा नं. ०८१-WO-००३४) मा सम्मानित उच्च अदालत दिपायबाट मिति २०८२/०३/०३ मा फैसला भई मिति २०८२/०३/१२ उच्च अदालतबाट प्राप्त भएको सुचना अनुसार यस मङ्गलसेन नगरकार्यपालिकाको मिति २०८१/०१/१४ मा भएको निर्णय र सो बमोजिम मिति २०८२/०१/१५ मा पुन बोलपत्र आव्हान भई प्रकाशित सुचना उत्प्रेषणको आदेशले बदर भएको हुदा अदालतको आदेशको पूर्ण पालना गर्दै कार्यपालिकाबाट भएका उक्त निर्णय रद्द गर्ने र सुचना कार्यान्वयन नगर्ने निर्णय गरियो । साथै, उक्त आयोजनाका लागि आ.व. ०८१/८२ भित्र सम्झौता भई कार्य सम्पन्न हुन चालु आ.व. मा सम्भव नभएको साथै नगरपालिकाको नगरकोष बाट मात्रै उक्त ठेक्काको कार्य गराउन समेत नसकिने भएकोले हाल तत्काल सम्झौता गर्न नसकिने विषयमा छलफल भई आगामी आ.व. २०८२/८३ मा रकम निकासा भई आएमा सोही बखत थप काम कारवाही निर्णय हुने गरी हाल प्रकाशित सुचना बमोजिम कार्य नगर्ने निर्णय गरियो ।

निर्णय नं. २

महिन्द्रा वोलेरो एम्बुलेन्स 4WD-Type B अग्नि इन्कर्पोटेड प्रा.लि. संग भारु १२,३५,००० अर्थात रु १९,७७,८५२.५० र फर्वार्डिङ्ग चार्जर रु ११३०००, भन्सार र प्रज्ञापन शुल्क रु २०,६४७.५० गरी जम्मा रु २१११५०० मा खरिद हुने गरी खरिद प्रक्रिया अगाडि बढेकोमा मिति २०८२/०३/०९ गतेको नेपाल राजपत्रमा उल्लिखित वातावरण संरक्षण ऐन, २०७६ को उपदफा १५ बमोजिम नेपाल सरकार मन्त्रिस्तरवाट सवारी मापदण्ड, २०८२ लागू भई उक्त एम्बुलेन्स नेपालमा पैठारी बन्देज भएकोले उक्त मापदण्ड अनुसार BS VI एम्बुलेन्स गर्नु पर्ने र सोको लागत रु २३,६१,५०० लागत पर्ने भएकोले उक्त परिमार्जित मुल्य स्वीकृत सम्झौता प्रक्रियाको लागि अनुमति प्रदान गर्ने ।

निर्णय नं. ३

नगरकार्यपालिकामा सुशासन र सदाचारिता कायम गर्न एंव कार्यसम्पादनलाई अझ बढि प्रभावकारी ढंगले संचालन गर्नको साथै आर्थिक कार्यविधि एंव वित्तिय उत्तरदायित्व ऐन, स्थानीय सरकार संचालन ऐन, २०७४, व्यवस्थापन परिक्षण निर्देशिका, २०७९ लगायतका विभिन्न नीति तथा कानूनले आन्तरिक नियन्त्रण प्रणालि निर्माण गरी लागू गर्न निर्देशित समेत गरेबमोजिम मंगलसेन नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणालि, २०८२ निर्माण भई अन्तिम प्रतिवेदन कार्यालयमा पेश भईसकेकोले उक्त प्रतिवेदन स्वीकृत गर्ने

निर्णय नं. ४

तपशिलका व्याक्ति तथा सँस्थाहरुलाई विभिन्न वडाहरु तथा नगरकार्यपालिकावाट देहाय बमोजिमको आर्थिक सहायता एंव उपचार खर्च दिने ।

| क.स. | व्याक्तिको नामथर | ठेगाना | सहायता रकमर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | चम्फादेवी ढोलि | म.न.पा.-२ | ३०,००० | वडा नं. १ रु ५०००<br>वडा नं. २ रु ५०००<br>वडा नं. ९ रु ५,०००<br>वडा नं. १० रु ५०००<br>वडा नं. १२ रु ५०००<br>वडा नं.१४ रु ५००० |
| २ | राजाराम भाट (उपचार खर्च) | क.न.पा.-७ | ५००० | वडा नं.१४ रु ५००० |
| ३ | जलुदेवी धामी (उपचार खर्च) | म.न.पा.-१३ | ५००० | वडा नं. १३ रु ५००० |
| ४ | तिलक धामी (उपचार खर्च) | म.न.पा.-१३ | ५००० | वडा नं. १३ रु ५००० |

| | | | | |
|---|---|---|---|---|
| ५ | भगवति धामी (उपचार खर्च) | म.न.पा.-१३ | ५००० | वडा नं. १३ रु ५००० |
| ६ | धनविर नेपाली (उपचार खर्च) | म.न.पा.-१३ | १०००० | वडा नं. १३ रु १०,००० |
| ७ | सरस्वती कु. नेपाली (उपचार खर्च) | म.न.पा.-५ | ५००० | वडा नं. १ रु ५००० |
| ९ | हैकला थापा | म.न.पा.-१ | ३०,००० | वडा नं. ५ रु १०,०००<br>वडा नं.१४ रु ५०००<br>वडा नं.१० रु ५,०००<br>वडा नं. १३ रु ५०००<br>वडा नं. २ रु ५००० |
| १० | खड्के थापा | म.न.पा.-१ | ५००० | वडा नं. १ रु ५००० |
| ११ | हर्क बहादुर राना | म.न.पा.-१ | १०००० | वडा नं. १ रु १०००० |

निर्णय नं. ५

नगरभित्रका सवै वडाहरुमा रहेका घरहरुको घरनम्वर कायम गरि घरहरुको वर्गिकरण गरी अभिलेखिकरण गर्ने कार्यको लागि तत् सम्वन्धि कार्यविधि निर्माण गरि घर अभिलेखनलाई व्यवस्थित गर्ने ।

निर्णय नं. ६

चालु आर्थिक वर्ष २०८१।८२ को लागी स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत नगरपालिका र संघिय सरकार सशर्त अनुदानवाट वडा नं १० आधारभुत स्वास्थ्य सेवाकेन्द्र निर्माण MM/ACH/NCB/W-08/2081/82 बोलपत्र रद्द गर्ने यस कार्यपालिकाको निर्णयका सम्वन्धमा श्री उच्च अदालत दिपायल, डोटीमा रिट निवेदन नं. ०८१-WO-००३४ र सुदुपश्चिम प्रदेश सरकार समपुरक अनुदानवाट मंगलसेन खेलमैदान पूर्वाधार निर्माण MM/ACH/NCB/W-05/2081/82 बोलपत्र रद्द गर्ने यस कार्यपालिकाको निर्णयका सम्वन्धमा श्री उच्च अदालत दिपायल, डोटीले रिट निवेदन नं. ०८१-WO-००३१ सम्वन्धमा मुद्दाको प्रतिरक्षाको लागि कानूनी प्रतिनिधिमा अधिवक्ता श्री मुक्तिनाथ वोहरालाई निजको पारिश्रमिक तथा अन्य खर्च वापत रु १६०,००० भुक्तानी गर्ने ।

निर्णय नं. ७

सार्वजनिक सम्पति व्यवस्थापन प्रणालि (PAMS) आगामि आर्थिक वर्ष २०८२/०८३ को श्रावण १ गते देखि नगरपालिका, वडा कार्यालय एंव स्वास्थ्य संस्थामा अनिवार्यरुपमा लागू गरि सार्वजनिक सम्पति व्यवस्थापनलाई पारदर्शि मीतव्ययी तथा चुस्त बनाउने।

## निर्णय नं. ८

आगामि आर्थिक वर्ष २०८२/०८३ को श्रावण देखि इन्टरनेटको राम्रो पहुँच भएका वडा नं. ३, ४ र ५ मा विधुतिय प्रविधिमा आधारित अनलाईन दर्ता चलानि कार्य सुरु गर्ने ।

## निर्णय नं. ९

वडा नं १ स्थित कुन्ति स्वास्थ्य चौकिको भवन जिर्ण अवस्थामा भएको र बजेट अभावका कारण निर्माण हुन नसकेकोले आगामि आर्थिक वर्ष २०८२/०८३ को मा कार्यन्वयन हुने गरी संघीय सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसंग लागत अनुमान तयार गरि बजेट माग गर्ने ।

## निर्णय नं. १०

मिति २०८२/३/२ गते बसेको शिक्षा समितिको वैठकवाट सिफारिश भई आएका निर्णय नं १-१२ सम्मका निर्णयहरु र मिति २०८२/३/ गते बसेको शिक्षा समितिको वैठकवाट सिफारिश भई आएका निर्णय नं १- ६ सम्मका निर्णयहरु अनुमोदन गर्ने ।

## निर्णय नं. ११

वडा नं ८ र ९ का कृषि तथा पशुपालक किसानहरुलाई मध्येनजर गरि वडा नं ८ स्थित सरस्वति आविको पुरानो भवनमा नगरकार्यपालिकाको जनशक्तिबाट २०८२ श्रावण १ गते देखि सेवा प्रवाह हुने गरि कृषि तथा पशु सेवा केन्द्र संचालन गर्ने।

## निर्णय नं. १२

मिति २०८२/०३/१८ गते नगरस्तरिय विपद् व्यवस्थापन समितिको विपद प्रभावितलाई राहत सिफारिश सम्वन्धि निर्णय अनुमोदन गर्ने ।

## निर्णय नं. १३

सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ९ को उपदफा २ मा भएको व्यवस्था वमोजिम तपशिलका कर्मचारीहरुको तह मिलान गर्ने ।

| क.स. | कर्मचारीको नाम थर | सेवा/समुह | संकेत न. | साबिको पद | मिलान गरीएको पद | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खकेन्द्र बहादुर सोडारी | स्थानीय प्रशासन/ सामान्य प्रशासन | २३६२९७ | अधिकृत छैटौ | अधिकृत सातौं | |
| २ | बिष्णु प्रसाद उपाध्याय | सथानीयप्रशासन/लेखा | २३६६५६ | अधिकृत छैटौ | अधिकृत सातौं | |
| ३ | खम्म बहादुर केसि | स्थानीय ईन्जिनियर/सिभिल | २३९०३७ | अधिकृत छैटौ | अधिकृत सातौं | |